एक पटकको नेपाली सधैंको नेपाली

# गैर आवासीय नेपाली संघ, क्यानडा

## ई-बुलेटिन २०२४

### अंक-६




## NRNA CANADA EXCUTIVE COMMITTEE

| | |
|---|---|
| Prajual Karki | Chairperson |
| Madhab Dulal | President |
| Deep Sapkota | Vice President – Atlantic Region |
| Umesh Bhandari | Vice President - Ottawa |
| Kiroj Kumar Shrestha | Vice President – Central Region |
| Suraj Adhikari | Vice President – Western Region |
| Kalpana Dhakal | Women VP |
| Chandra Adhikari | General Secretary |
| Binod Koirala | Secretary |
| Biddya Bhusan Karki | Treasurer |
| Sushil Bhusal | Spokesperson |
| Sunita K C | Co-ordinator – Women and Children |
| Pratik Bhandary | Co-ordinator – Youth and Second Gen |
| Bishal Thapa | Provincial Coordinator - AB |
| Deepak Timshina | Provincial Coordinator - MB |
| Kuber Burlakoti | Provincial Coordinator - ON |
| Robin Kandel | Provincial Coordinator - QC |
| Aayus Subedi | Provincial Coordinator - SK |
| Namu Chaulagain | Provincial Coordinator - BC |
| Madhav Subedi | Member-NCC |
| Bimal Raj Chudal | Member-NCC |
| Rajeeb Kc | Member-NCC |
| Aneema Lohani | Member-NCC |
| Ruchi Shivakoti | Member-NCC |
| Pritam Tripathi | Member-NCC |
| Shanta Thapa | Member-NCC |
| Jagan Sapkota | Member-NCC |
| Durga Kharal | Member-NCC |
| Kamal Gnawali | Member-NCC |
| Sabina Khadka | Member-NCC |
| Kul Prasad Sapkota | Member-NCC |
| Dipendra Pandey | Member-NCC |
| Rabindra Phuyal | Member-NCC |
| Shreejana Mahat | Member-NCC |
| Bikas Dhakal | Member-NCC |
| Bishal dhungel | Member-NCC |
| Madhusudan Pandey | Member-NCC |

## Media and Publication Team

| | |
|---|---|
| 1. Sushil Bhusal | Coordinator |
| 2. Madan Thapa | Member |
| 3. Hem Raj Pandey | Member |
| 4. Birendra Rawat | Member |
| 5. Kamal Gawali | Member |
| 6. Bimal Chudal | Member |
| 7. Vidhan Karki | Member |

## NRNA Canada ICC Members

Hem Raj Pandey
Bhuwan Kharal
Bhanu Shiwakoti
Sunanda Subedi










## British Columbia Provincial Committee

| | |
|---|---|
| Coordinator/BOD | Namu Chaulagain |
| Member | Pradeep Marahatta, Victoria |
| Member | Binisha Thapa, Surrey |
| Member | Pradip Bartaula, Kamloops |
| Member | Uki Khatri, Kelowna |

## यस अंकभित्र

१. एन आर एन ए क्यानडाको नेतृत्वमा विभिन्न सहरमा Free Tax Clinic संचालन
२. एन आर एन ए क्यानडाको पहलमा क्यानडाको राष्ट्रिय क्रिकेट टोलीले पवित्र समाज सेवा नेपाललाई सहयोग
३. एन आर एन ए क्यानडाका प्रतिनिधि र परराष्ट्र मन्त्री बिच भेटघाट
४. एन आर एन ए क्यानडा र नेपाल चेम्बर अफ कमर्सका प्रतिनिधि बीच भेटघाट
५. एन आर एन ए क्यानडा र एन सि ए ओ ओटावाको संयुक्त भेटघाट कार्यक्रम
६. NRNA Canada Celebrates 114th International Women's Day with Global Participation
७. लन्डन दुर्घटना पछिको विषम् परिस्थितिमा एन आर एन ए क्यानडाको सहयोग
८. "NRNA Canada and Nepalese Community Bid Farewell to Canadian National Cricket Team Ahead of Historic Nepal Tour"
९. अन्तर्राष्ट्रिय महिला दिवसको अवसरमा अध्यक्ष माधव दुलालद्वारा शुभकामना
१०. राष्ट्रिय सभा अध्यक्षलाई क्यानडामा स्वागत
११. क्यानडाका लागि नवनियुक्त राजदुत पौडेललाई क्यानडामा स्वागत
१२. गाडिको ठक्करबाट किङ्स्टन ओन्टारियोमा एक नेपाली छात्राको मृत्यु
१३. NRNA Canada Cricket Team Participated in GHS Premiere League 2024
१४. एन आर एन ए सिटिजन्सिपको बारेमा छलफल
१५. क्यानडा पढ्न आएका भैरहवाका एक विद्यार्थीलाई सहयोग गरी नेपाल पठाइयो
१६. क्यानडामा योगाभ्यास सम्बन्धी कार्यक्रम
१७. सभापति, प्रवक्ता लगायतका रिक्त पदहरुमा चयन
१८. एन आर एन ए क्यानडाको आयोजनामा फाईनान्स सम्बन्धी कार्यक्रम
१९. स्वस्थ खानपान, जीवनशैली र योग अभ्यास
२०. "Successful Second AGM of NBDA Canada Held in Toronto with Key Guests Emphasizing Blood Donation"
२१. "HHWB Hosted Successful Meet and Greet Event in Guelph"
२२. "Toronto Nepalese Sports Club Concluded First AGM.
२३. "First Mrs= Nepal Canada Show Crowned Shristi Shrestha Amatya in Brampton"
२४. ETA Table tennis in Toronto
२५. एन आर एन ए क्यानडाका विविध कार्यक्रम/अन्य गतिविधिका झलकहरु तस्बिर सहित

## NRNA Canada Advisor Committee

| | |
|---|---|
| Prakash Gyawali | Brampton |
| Rajkumar Rai | Tillsonburg |
| Madhab Bastakoti | Scarborough |
| Gita Dawadi | Brampton |
| Mahendra Bijukuchhay | Kitchner |
| Dr. Pashupati Paudel | Vancouver |
| Dr. Raju Chaudhary | Saskatoon |
| Modanath Khanal | Edmonton |

## NRNA Canada Sub-Committee Coordinator

| | |
|---|---|
| Suraj Adhikari | Newcomer & Student Support |
| Kiroj Kumar Shrestha | Resource Exploration & Fund Raising |
| Bishal Dungel | Professional Development & Networking |
| Biddhya Bhusan Karki | Social Partnership Plan (SSP 2.0) |
| Kul Prasad Sapkota | Sports and Recreation Committee |
| Anima Lohani | Health & Safety |
| Bikash Dhakal | Culture & Religion |
| Sunita K.C. | Women & Child |
| Pratik Bhandari | Youth and Second Generation |
| Umesh Bhandari | Membership |
| Sushil Bhusal | Media and Publication |

## Message from the President



Dear Community Members
Namaskar !

It is with immense pride and gratitude that we present to you the second bulletin of NRNA Canada. This publication is a testament to the hard work, dedication, and unwavering commitment of our community to stay connected, informed, and engaged.

In this edition, we highlight the numerous achievements and initiatives that our organization has undertaken in recent months. From community outreach programs to cultural events and collaborative projects, we continue to strive for the betterment of our Nepalese community in Canada.

We extend our heartfelt thanks to the editorial team, contributors, and volunteers who have worked tirelessly to bring this bulletin to life. Your dedication and passion are truly inspiring and reflect the spirit of our community.

As we look forward to the future, let us continue to work together with the same enthusiasm and determination. Our strength lies in our unity, and together, we can achieve great things.

Thank you for your continued support and involvement. Enjoy reading this bulletin and let it serve as a reminder of our collective achievements and aspirations.

Warm regards,

**Madhab Dulal**
**President, NRNA Canada**

# एन आर एन ए क्यानडाको नेतृत्वमा विभिन्न सहरमा Free Tax Clinic संचालन




गैर आवासीय नेपाली संघ क्यानडाले आफ्नो समुदायको लागि एक उत्तरदायी संस्थाको रुपमा सदैव काम गर्दै आएको छ । त्यसै अनुरुप अङ्ग्रेजी वर्ष 2024 को ट्याक्स सिजन सुरु भएसँगै क्यानडाको विभिन्न सहरमा संस्थाका कोषाध्यक्ष विद्याभुषण कार्कीको नेतृत्वमा अन्य नेपाली संघ संस्थासँग मिलेर ट्याक्स क्लिनिक संचालन गरेको थियो । यस पटक गैर आवासीय नेपाली संघ क्यानडाले इतिहास रच्दै धेरै भन्दा धेरै स्थानमा संचालन गरेको फ्री ट्याक्स क्लिनिकबाट क्यानडामा आउनुभएका नवआगन्तुक नेपाली साथसाथै नेपाली अन्तर्राष्ट्रिय विद्यार्थीहरु प्रत्यक्ष रुपमा लाभान्वित हुनुभएको थियो । संचालन भएको ट्याक्स सिविरमा सम्बन्धित क्षेत्रका एन आर एन ए क्यानडा प्रतिनिधिले कार्यक्रमको कोर्डिनेटर भएर सफलता पूर्वक सम्पन्न गराउनु भएको थियो । देहाए बमोजिमका सहरहरूमा एन आर एन ए क्यानडाले Free Tax सिविर संचालन गरेको थियो ।

- 3 March 2024: Scarborough, ON
- 9 March 2024: Scarborough, ON
- 14 March 2024: Surrey, BC
- 16 March 2024: Sarnia, ON
- 17 March 2024: Windsor, ON
- 24 March 2024: Surrey, ON
- 24 March 2024: Guelph, ON
- 30 March 2024: Cornwall, ON
- 30 March 2024: Sudbury, ON
- 6 April 2024: Ottawa, ON
- 7 April 2024: Edmonton, AB
- 7 April 2024: Calgary, AB
- 7 April 2024: Mississauga, ON








# एन आर एन ए क्यानडाको पहलमा क्यानडाको राष्ट्रिय क्रिकेट टोलीले पवित्र समाज सेवा नेपाललाई सहयोग

गैर आवासीय नेपाली संघ क्यानडाले प्रत्यक्ष वा परोक्ष रुपमा सदैव सामाजिक कार्यलाई निरन्तरता दिँदै आएको छ । समाजमा गरिने सानो सामाजिक कार्यले सम्बन्धित पक्षलाई एउटा ठुलो सहयोग पनि हुने र त्यसबाट सामाजिक उत्तरदायित्व पनि वहन हुने भएकाले ती र त्यस्ता कार्यप्रती एन आर एन ए क्यानडा सदैव आफुलाई अग्रस्थानमा राख्दै आएको छ ।

नेपाल क्यानडा द्विपक्षीय एक दिवसीय क्रिकेट खेलको लागि क्यानडाको राष्ट्रिय क्रिकेट टिम नेपाल भ्रमणमा रहेको थियो । उक्त समयमा क्यानडाको राष्ट्रिय टोलीले नेपालमा सामाजिक कार्यलाई सहयोग गर्ने चाहना राखे बमोजिम एन आर एन ए क्यानडाको पहलमा उक्त टिमले पवित्र समाज सेवा नेपाललाई नगद र अत्यावश्यक सामानहरु प्रदान गरेको थियो । क्रिकेट क्यानडाका टुर म्यानेजर माइक, मुख्य प्रशिक्षक पुबुदु दसानाईके, कप्तान साद बिन जाफर र टिम क्यानडाका सदस्यहरूले पवित्र समाज सेवाकी अध्यक्ष श्री दिक्षा चापागाईलाई सहयोग हस्तान्तरण गर्नुभएको थियो ।

काठमाडौंको हायात प्यालेसमा भएको सहयोग हस्तान्तरण कार्यक्रममा एन आर एन ए क्यानडाका उपाध्यक्ष श्री सुरज अधिकारी, महासचिव श्री चन्दा अधिकारी, एनआरएनए आईसीसी सदस्य श्री हेमराज पाण्डे र नेपाली जनसम्पर्क समिति क्यानडाका सभापति श्री बुद्धिप्रकाश ओली ज्यू लगायतको सहभागिता रहेको थियो ।

सहयोग हस्तान्तरण कार्यक्रमको समन्वय एन आर एन ए क्यानडाका उपाध्यक्ष श्री सुरज अधिकारी ज्यू ले गर्नुभएको थियो ।

नेपाल प्रस्थान गर्नु अघि क्रिकेट क्यानडालाई एन आर एन ए क्यानडा र अन्य एघार नेपाली संघ-संस्थाहरूले क्यानडामै यही जनवरी २७, २०२४ का दिन एक भव्य बिदाई कार्यक्रम पनि गरिएको थियो । उक्त बिदाई कार्यक्रमको संयोजन एन आर एन ए क्यानडाका उपाध्यक्ष श्री किरोज श्रेष्ठ ज्यू ले गर्नुभएको थियो ।

एन आर एन ए क्यानडाका उपाध्यक्ष श्री उमेश भन्डारीले क्रिकेट क्यानडाका सम्पूर्ण टिमलाई नेपाल भ्रमण गर्नु अगावै नेपाली राजदूतावास ओटावाबाटै अन अराइभल भिसा प्राप्त गर्न गर्नुपर्ने प्रक्रियालाई सहजीकरण गरिदिनु भएको थियो ।



यस्ता सामाजिक कार्यको लागी गरिने पहल र सहयोगबाट दुई देश बीचको कुटनीतिक सम्बन्धलाई पनि थप मजबुत बनाउन सकिन्छ भन्ने कुरामा एन आर एन ए क्यानडाको ठम्याई रहीआएको छ ।

## एन आर एन ए क्यानडाका प्रतिनिधि र परराष्ट्र मन्त्री बिच भेटघाट



नेपालमा क्यानेडियन राजदुतावास नहुँदा त्यसको कारणले भोग्नुपरेको समस्या हामी सबैलाई जानकारीको विषय नै हो । यसको समाधान र पहलको लागि गैर आवासीय नेपाली संघ क्यानडाले दुवै देशको सरकारलाई बेलाबेलामा सुचित गरिरहेको नै छ ।

वर्तमान एन आर एन ए क्यानडाका अध्यक्ष माधव दुलालको नेतृत्वमा रहेको टोलीले नेपालमा तत्कालीन परराष्ट्र मन्त्री एन. पि. साउदलाई उहाँको कार्यकक्षमा भेटी माथी उल्लेखित विषयमा ज्ञापनपत्र बुझाएको छ । ज्ञापनपत्र बुझ्दै मन्त्री साउदले नेपाल सरकारले गर्नुपर्ने कुटनितिक पहल क्यानेडियन सरकार समक्ष राख्ने कुरा विश्वस्त पार्नुका साथै यो विषयलाई जिम्मेवारीका साथ अन्य सरोकार पक्षसँग पनि समन्वय गर्ने कुरा बताउनुभयो ।

ज्ञापनपत्र बुझाउने टोलिमा एन आर एन ए आई सि सि सदस्य हेमराज पान्डे, सुनन्द सुवेदी र एन आर एन ए क्यानडाका अध्यक्ष माधव दुलाल, महासचिव चन्दा अधिकारी त्यसैगरी एन आर एन ए क्यानडाका पूर्व सचिव राजेन्द्र पोखेलको सहभागीता रहेको थियो ।

## एन आर एन ए क्यानडा र नेपाल चेम्बर अफ कमर्सका प्रतिनिधि बीच भेटघाट



नेपाल चेम्बर अफ कमर्सका अध्यक्ष श्री राजेन्द्र मल्लको विशेष आव्हानमा भएको बैठकमा चेम्बर पदाधिकारी, क्यानडाका लागि नवनियुक्त नेपाली राजदुत श्री भरतराज पौडेल र गैर आवासीय नेपाली संघ क्यानडाका महासचिव चन्दा अधिकारी बिच त्रिपक्षिय छलफल भएको थियो । उक्त बैठकमा क्यानेडियन बजारमा नेपाली सामान निर्यात कसरी सहज गर्न सकिन्छ साथै दुई देश बिचको व्यापारिक सम्बन्धलाई थप मजबुत गर्न सकिने अन्य बिषयमा पनि छलफल भएको थियो। नेपालबाट उल्लेख्य रुपमा सामान निर्यात गर्नसके नेपालले झेल्दै आएको व्यापारीक घाटालाई न्यूनीकरण गर्न सकिने विषयलाई बैठकमा जोड दिईएको थियो ।



क्यानडामा नेपालीहरुको बढ्दो जनसंख्यालाई मघ्यनजर गरी खाद्यान्न र अन्य आवश्यक सर-सामानको सहज निर्यात साथै नेपालको आर्थिक विकासको लागि क्यानेडियन पर्यटकलाई नेपालमा कसरी धेरै भन्दा धेरै लैजान सकिन्छ भन्ने विषयमा पनि विचार विमर्श भएको थियो ।

बैठकमा दुई देश बिचको व्यापार सहजीकरणको लागि गैरआवासीय नेपालीसँग क्यानडाले खेल्नुपर्ने भूमिकाका विषयमा आफुहरु सदैव तयार रहेको कुरा महासचिव अधिकारीले बताउनु भएको थियो ।

# एन आर एन ए क्यानडा र एन सि ए ओ ओटावाको संयुक्त भेटघाट कार्यक्रम



क्यानडाको राजधानी ओटावामा NRNA क्यानडा र NCAO ओटावाको संयुक्त आयोजनामा ओटावामा रहनुभएका नव आगंतुक नेपाली र नेपाली अन्तर्राष्ट्रिय विद्यार्थीका बीच भेटघाट तथा शुभकामना आदानप्रदान कार्यक्रम संचालन भएको थियो ।

उक्त कार्यक्रममा नवआगन्तुक महानुभावहरुलाई पर्न सक्ने विभिन्न समस्याहरूका बारेमा छलफल भएको थियो । विभिन्न समयमा पर्न सक्ने मानसिक स्वास्थ, सामाजिक सुरक्षा, रोजगारीको अवसर सिर्जना, कर सम्बन्धी सचेतना तथा अन्य भैपरी आउने विषयलाई न्यूनीकरण गर्न NRNA क्यानडा सदैव तयार रहेको कुरा संस्थाका प्रतिनिधिहरुले प्रष्ट्याउनु भएको थियो ।




देश देखि टाढा रहेर विदेशमा एक एर्कालाई पर्ने हरेक कुरामा साथ र सहयोग गर्नु एक सामाजिक कार्यका साथै धर्म पनि भएको साथै यी र यस्ता सामाजिक कार्यलाई भविष्यमा पनि निरन्तरता दिनुपर्ने कुरामा जोड दिइएको थियो । साथै उपस्थित नवआगन्तुक विद्यार्थी तथा अन्य व्यक्तिहरुले आफुहरुले भोगेको समस्याका विषयमा आ-आफ्ना धारणाहरु व्यक्त गर्नुभएको थियो ।

आगामी दिनहरुमा यी र यस्ता भेटघाट कार्यहरु निरन्तर हुनुपर्ने तथा भैपरी आउने समस्याहरुलाई एक अर्काको सहयोगले न्यूनीकरण गर्नुका साथै भातृत्व पनि विकास हुने र एउटा राम्रो सन्देश नेपाल र नेपाली समुदाय बिच सम्प्रेषण गर्न सकिने निचोड सहित कार्यक्रमको अन्त्य भएको थियो ।

उक्त कार्यक्रमलाई NRNA क्यानडाको तर्फबाट सभापती प्रज्वल कार्की र उपाध्यक्ष उमेश भण्डारीले संयोजन गर्नुभएको थियो ।

# NRNA Canada Celebrates $114^{th}$ International Women's Day with Global Participation

Toronto, March 8, 2024** — The Non-Resident Nepali Association (NRNA) Canada marked the 114th International Women's Day with an extraordinary virtual celebration via Zoom. The event, held on Saturday, gathered remarkable women from across the globe, including participants from Nepal, Australia, the USA, and Canada.




The celebration was a resounding success, thanks to the exceptional participation and enthusiasm of the women involved. Despite the challenges posed by different time zones, attendees waited patiently and thoroughly enjoyed the diverse program.

The event featured an array of presentations, songs, dances, and musical performances curated from various parts of the world. Organizers expressed their gratitude for the heartfelt greetings, songs, music, and best wishes received from participants everywhere.







We want to extend our heartfelt thanks to women vice president Kalpana Dhakal and Sunita KC coordinator (women and children) for organizing such a wonderful program on the occasion of $114^{th}$ international womens day.

# लन्डन दुर्घटना पछिको विशम परिस्थितिमा एन आर एन ए क्यानडाको सहयोग

फेब्रुवरी 13, 2024 नेपाली कम्युनिटी क्यानडाको लागी एक दुःखको दिन रह्यो । एका बिहानै आफ्नो कामको लागि घरबाट निस्किएर आफ्नो निजी गाडीमा सवार नेपाली समुदायका नौ जना सदस्यहरु मध्ये दुई जनाको घटनास्थलमा मृत्यु भएको थियो भने बाँकी सात जना घाईते हुनुभएको थियो । मृतकहरु क्यानडामा नेपाली अन्तर्राष्ट्रिय विद्यार्थी हुनुहुन्थ्यो ।

घटनाको जानकारी पाएलगत्तै एन आर एन ए क्यानडा ओन्टारीयो प्रोभिन्स कमिटीका कोओर्डिनेटर कुबेर बुर्लाकोटी लगायत नेपाली कम्युनिटीका अन्य प्रतिनिधिहरु अस्पताल पुगेर मृतक र घाईतेहरुको अवस्थाको बारेमा जानकारी लिनुभएको थियो ।


OPP West Region
@OPP_WR
Follow

#MiddlesexOPP with @MLPS911 & @MiddlesexCentre fire on scene of a 3 vehicle collision. Sadly 2 individuals have died as a result of the collision. Please see the video for details. Highbury closed for next few hours ^jh

09:11 · 2024-02-13 From Earth · 5.4K Views

6 Reposts 36 Likes

घटनाको विषयलाई लिएर एन आर एन ए क्यानडाले नेपाली राजदुतावास ओटावा, मृतकका परिवार तथा आफन्तजन, लन्डन कम्युनिटीका अध्यक्ष, कानुन व्यवसायी लगायत अन्य विभिन्न पक्षहरुसँग छलफल गरेको थियो । उक्त घटनामा मृतक परिवारका सदस्यहरुले सवलाई नेपाल पठाउन अनुरोध भए बमोजिम एन आर एन ए क्यानडाको मिति 2024 फेब्रुअरी 14 मा आकस्मिक बोर्ड बैठक बसी सो आकस्मिक बोर्ड बैठकबाट घाईते र सव व्यवस्थापनको लागि राहतकोष खडा गर्ने उद्देश्यले गो फन्ड मी स्थापना गर्ने निर्णय भयो ।

सोही अनुरुप 15 फेब्रुअरी 2024 का दिन NRNA क्यानडाको आधिकारिक फेसबुक पेज मार्फत क्यानडियन डलर 50,000 उठाउने लक्ष्य सहित सहयोग आव्हान गरिएको थियो । त्यसपछी सहयोगी मनहरुको निरन्तर सहयोगले उक्त उद्देश्य मुताविकको सहयोग रकम सङ्कलन गर्न सफल भएका थियौं ।

घटनामा पीडित हुनु भएका मृतकको शव नेपाल पठाउन तथा घाइतेहरुको सहयोगको लागि लागत खर्च एन आर एन ए क्यानडाले सम्पूर्ण सङ्कलित रकमबाट खर्च गरेको थियो । यस दुर्घटना पछिको दुःखद घडीमा नेपाली समुदायका धेरै महानुभावहरुले सक्दो सहयोग गरी मलम पट्टी लगाउने जुन कार्य गर्नु भएको छ त्यो सराहनीय छ । विभिन्न संघ संस्था, सरोकारवाला व्यक्ति तथा समाजसेवीहरुले खेल्नु भएको सहयोगी कदमलाई गैर आवासीय नेपाली संघ क्यानडाले आभार व्यक्त गर्दछ ।



# "NRNA Canada and Nepalese Community Bid Farewell to Canadian National Cricket Team Ahead of Historic Nepal Tour"

NRNA Canada, in collaboration with the Nepalese Community Network of Canada, Laliguras Sports & Cultural Club, Nepalese People's Coordination Committee, NCCACC – Nepal House, Overseas Nepalese Forum, Canada-Nepal Friendship and Cultural Society, Toronto Nepalese Sports Club, Federation of Canada Nepal Chamber of Commerce, Chitwan Society Canada, Nepalese Canadian Heritage Centre, and Canadian Newah Guthi, bid farewell to the Canadian National Cricket team as they prepared for their first tour to Nepal.




Mr. Pratik Bhandary, youth coordinator of the NRNA Canada was the event emcee while, Chanda Adhikari, the General Secretary of the NRNA Canada, delivered a welcoming speech, formalizing the program. Notably, NRNA Canada Treasurer Budhaya Bhashan Karki, members Sushil Bhusal, Binod Koirala, Shanta Thapa and Sabina Thapa actively participated in the event, contributing to its success.



The first segment of the event featured a series of speeches addressing the primary theme, delivered by leaders of various Nepalese organizations.– Her Excellency, Rojina Tamrakar, Acting Ambassador of Nepal to Canada concluded the speeches from the Nepalese organizations.

Following the speeches, Newa-Guthi showcased the Dhime dance and Lakhe dance, captivating the audience with enthusiasm

Subsequently, the Head Coach of Cricket Canada, Pubudu Dassanayake, Cricket Canada Skipper Saad Bin Zafar, Cricket Canada Director Ranjit Chaudhri, Hon. Maninder Sidhu, Member of Parliament Brampton East, Raghubir Chauhan, Outreach Manager at the Office of Ruby Sahota, Member of Parliament Brampton North also addressed the event.

The birthday of Mr. Dilpreet Bajwa, a Member of Cricket Canada, was also celebrated during the event. The formal conclusion featured NRNA Canada Vice President Mr. Kiroj Shrestha's closing speech, followed by the presentation of Topi and Khada to the Canadian National Cricket Team by prominent figures on stage.

## अन्तर्राष्ट्रिय महिला दिवसको अवसरमा
# अध्यक्ष माधव दुलालद्वारा शुभकामना



११४ औं अन्तर्राष्ट्रिय महिला दिवसको अवसरमा एन आर एन ए क्यानडाका अध्यक्ष माधव दुलालले शुभकामना व्यक्त गर्दै २१ औं सताब्दिमा महिला सशक्तीकरणलाई थप मजबुत बनाउन आजको आवश्यकता रहेको कुरा बताउनु भएको थियो । शैक्षिक र आर्थिक दुवै तवरले महिला सक्षम भए परिवार, समाज र देशको स्तर उन्नतीमा थप टेवा पुग्ने एक सबल पक्षको रुपमा रहेको कुरा बताउनुका साथै कैयौं संघ संस्थाहरुमा महिला सहभागीता उल्लेख्य भएता पनि यसको सत प्रतिशत सहभागीतालाई हामीले सुनिश्चित गर्नुपर्ने र त्यसका लागि आरक्षण अथवा खुल्ला महिला सहभागीतालाई प्रोत्साहन गर्नुपर्ने कुरामा जोड दिनुभएको थियो । साथै आफुले नेतृत्व गरेको गैर आवासीय नेपाली संघ २०२३-२०२५ मा पदाधिकारी लगायत सदस्यहरूमा सन्तोषजनक महिला सहभागीतालाई ठुलो उपलब्धिको रुपमा लिएको कुरा बताउनुका साथै एन आर एन ए क्यानडाको आगामी कार्यकालका लागि महिलाहरुलाई नेतृत्व गर्ने जिम्मेवारी मिलोस भन्ने आफ्नो अग्रिम शुभकामना रहेको कुरा प्रष्टाउनु भएको थियो ।

# राष्ट्रिय सभा अध्यक्षलाई क्यानडामा स्वागत

जनवरी २० । क्यानडा भ्रमणमा रहनुभएका राष्ट्रिय सभाका अध्यक्ष गणेश प्रसाद तिम्सिनालाई गैर आवासीय नेपाली संघ क्यानडाले एक कार्यक्रमका बिच स्वागत तथा सम्मान कार्यक्रम गरेको छ । उक्त कार्यक्रम नेपाल क्यानडा दौत्य सम्बन्ध भएको ५९ औं वर्षगांठको अवसर पारेर गरिएको थियो । कार्यक्रममा क्यानडाकी सत्ता पक्षिय सांसद सोनिया सिद्धुलाई अतिथिको रुपमा आमन्त्रण गरिएको थियो । वक्तव्यको क्रममा सांसद सिद्धुले नेपाल क्यानडा सम्बन्धलाई थप मजबुत बनाउन त्यस सम्बन्धि विविध कार्यलाई अगाडि बढाउन सकिने धारणा राख्नु भएको थियो । कार्यक्रमको अन्त्यमा विशेष समय लिएर बोल्दै अध्यक्ष तिम्सिनाले नेपालमा क्यानडाको दूतावास स्थापना गर्न पहल गर्ने, नेपाल क्यानडा व्यापार सम्बन्धलाई सशक्त रुपमा अगाडि बढाउन सक्दो प्रयास गर्ने प्रतिबद्धता जाहेर गर्नु भएको थियो । अन्य वक्ताहरुमा प्रा. डा. तुलसी धरेल र डेनमार्कका लागि पूर्व नेपाली राजदुत युवानाथ लम्सालले आ-आफ्नो धारणा राख्नु भएको थियो ।




एन आर एन ए क्यानडाका उपाध्यक्ष फिरोज श्रेष्ठको सभापतित्वमा भएको उक्त कार्यक्रममा कोषाध्यक्ष विद्या भुषण कार्कीले स्वागत मन्तव्य राख्नु भएको थियो । त्यसै गरि कार्यक्रममा अतिथि संस्कार सदस्य सुशील भुसाल, व्यवस्थापन तर्फ एन आर एन ए सदस्यहरू जगन सापकोटा, कमल ज्ञवाली, सविना खड्का, शान्ता थापा र प्रितम त्रिपाठीहरुले गर्नुभएको थियो । कार्यक्रमको संचालन महासचिव चन्दा अधिकारीले गर्नुभएको थियो।



# क्यानडाका लागि नवनियुक्त राजदुत पौडेललाई क्यानडामा स्वागत

गैर आवासीय नेपाली संघ क्यानडाद्वारा क्यानडाका लागी नव नियुक्त नेपाली राजदुत भरतराज पौडेललाई Montreal International एअरपोर्टमा स्वागत गरिएको थियो ।





गैर आवासीय नेपाली संघ क्यानडाका बोर्ड मेम्बर तथा ओन्टारीयो प्रोभिन्सियल कोर्डिनेटर रोविन कडेल सहित तत्कालीन कार्यकारी राजदुत रोजिना ताम्राकार तथा नेपाली Local Organization का अन्य पदाधिकारी र सदस्यहरूको टोली महामहिम राजदुत पौडेललाई स्वागत गर्न एअरपोर्ट पुगेको थियो । उक्त भेटमा राजदुत पौडेलले एन आर एन ए प्रतिनिधि कडेलसँग क्यानडामा रहेका नेपाली समुदाय र त्यसको अवस्थिती बारे जानकारी लिनु भएको थियो । साथै एन आर एन ए क्यानडाका सदस्य रोविन कडेलले नेपाली समुदायको लागि राजदुतावास र गैर आवासीय नेपाली संघ क्यानडा बीच सहकार्य गरी विविध कार्यक्रम गर्न सकिने धारणा राजदुत समक्ष राख्नु भएको थियो ।

# गाडिको ठक्करबाट

## किङ्गस्टन ओन्टारियोमा एक नेपाली छात्राको मृत्यु

नेपाली कम्युनिटीको लागि यो वर्ष सुखदमय भएन, करिब दुई महिनाको अन्तरालमा विभिन्न स्थानमा भएको सडक दुर्घटनाले जिउनै सिरिङ्ग हुने खालको मानवीय क्षती भयो ।

March 17, 2024 का दिन Ontario, Kingston शहरमा आफ्नो काम सकेर घर फर्कने क्रममा गाडीको ठक्करबाट बझाङ जिल्ला स्थाई ठेगाना भई हाल क्यानडामा अध्यनरत नेपाली विद्यार्थी प्रिन्का सिंहको घटनास्थलमा मृत्यु भएको थियो । गैर आवसीय नेपाली संघ क्यानडाका अभियान्ता, नेपाली समुदायका अन्य व्यक्तिहरुले घटना पछि त्यहाको पुलीस प्रशासनसँग सोध खोज गरी विस्तृत जानकारी लिने काम गर्नुभएको थियो । घटना पश्चात् एन आर एन ए क्यानडाको सक्रियतामा सम्बन्धित निकायहरुसँग घटनाको बिषयमा सोधखोज गरी नेपालमा रहनु भएको मृतकको परिवारसँग सम्पर्कमा रही पिडितको आवश्यक सहयोगको लागि कार्ययोजना बनाई सोही अनुरुप सहयोगी कार्यलाई निरन्तरता दिईएको थियो ।

मृतकको विभिन्न तरिकाबाट प्राप्त हुने बिमाको बिषयमा एन आर एन ए क्यानडाका उपाध्यक्ष श्री उमेश भण्डारीले विभिन्न पक्षसँग सम्पर्क गरी सहजीकरण गरिदिनु भएको थियो । साथै मृतकको शरिरलाई नेपाल पठाउने क्रमको दौरानमा एन आर एन ए क्यानडाकी महासचिव श्री चन्दा अधिकारीले Funeral Homes लगायत अन्य सरोकार पक्ष सँग सम्पर्क गरी सहजता प्रदान गर्नु भएको थियो ।

भावविह्वल भएको पिडितको परिवारलाई प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा मल्हम पट्टी लगाउन सहयोग गर्नुहुने सम्पूर्ण किङ्गस्टन वासी नेपाली समुदाय लगायत सम्पूर्ण सहयोगी मनहरुलाई एन आर एन ए क्यानडा धैरै धैरै धन्यवाद दिन चाहन्छ ।

मृतक प्रियन्का सिंहको आत्माको चिरशान्तीको कामना गर्दै सोकाकुल परिवारलाई यस दुःखद घडीमा भगवानले धैर्य धारण गर्ने शक्ति प्रदान गरून् भनी भगवानसँग प्रार्थना गर्दछौं ।

## NRNA Canada Cricket Team Participated in
# GHS Premiere League 2024

The NRNA Canada Cricket Team took part in the GHS Premiere League 2024 Indoor Cricket Tournament on February 18th, 2024 at Cambridge, ON. This marked the team's first tournament alongside other communities. The Nepalese London Cricket Club supported NRNA Canada by providing players and logistical assistance for the event.

During the tournament, the team competed in three matches, securing one victory and two defeats, which prevented them from claiming a major title. Nonetheless, the tournament provided a platform for many cricket players to showcase their talent and engage with other communities.






The event was organized by NRNA Canada's Sport Committee, led by Sport Coordinator Mr. Kuldeep Sapkota and joint Coordinator Mr. Bindu Shrestha, who dedicated months of effort to ensure its success. NRNA Canada Provincial Coordinator Mr. Kuber Burlakoti assisted the committee in arranging transportation for the players on match day.

NRNA Canada expresses gratitude to the Nepalese London Cricket Club, players, and volunteers for their contributions to the success of the event.

# एन आर एन ए सिटिजन्सिपको बारेमा छलफल

जनावरी, ६।

एन आर एन ए क्यानडाको आयोजनामा एन आर एन ए सिटिजन्सिपको बारेमा छलफल भएको छ। जुमबाट भएको छलफलमा एन आर एन ए क्यानडाका अध्यक्ष माधव दुलालले सहजीकरण गर्नुभएको थियो । एन आर एन ए सिटिजन्सिप सम्बन्धि सो छलफल कार्यक्रममा नेपालबाट फोकल पर्सन सरोज दाहाल तथा हेमन्त सिवाकोटी, टेक खत्री लगायतले गैर आवासीय नागरिकताको बारेमा विभिन्न व्यक्तीहरुको जिज्ञासाको बारेमा समेत जवाफ तथा सुझाव दिनुभएको थियो ।




# क्यानडा पढ्न आएका भैरहवाका एक विद्यार्थीलाई सहयोग गरी नेपाल पठाईयो

जनावरी, १७ ।

विभिन्न घटना दुर्घटनामा परेको बखत राहत कोष खडा गरेर होस् अथवा विभिन्न समयमा आफ्नो समुदायका सदस्यलाई परेका अन्य समस्याको सन्दर्भमा होस्, एन आर एन ए क्यानडाले सँधै सहयोगी हातहरुलाई अगाडी बढाईरहेको नै छ। नेपाली समुदायका व्यक्तिहरुले राख्ने जिज्ञासा तथा उहाँहरुका प्रश्नहरुलाई संस्थाका प्रतिनिधिहरुले आफ्नो ज्ञान र अनुभवका आधारमा त्यसको समाधानको प्रयास गरिराख्नु भएको छ।

नेपालबाट क्यानडाको टोरोन्टो शहरमा पढ्न आएका एक जना विद्यार्थीलाई सहयोग गरी नेपाल पठाइएको छ। करिब १ बर्ष अगाडी सफ्ट्वेयर टेक्नोलोजी विषय पढ्न आएका २३ बर्षिय ती युवालाई एन आर एन ए क्यानडाका प्रतिनिधि कमल ज्ञवालीको पहलमा नेपाल पठाइएको हो । क्यानडामा विद्यार्थीहरुले आफुले सोचेजस्तो काम नपाउनाले मानसिक समस्यामा पर्दै जाने घटना बढ्दै गएको पाईएको छ।

# क्यानडामा योगाभ्यास सम्बन्धी कार्यक्रम

जनावरी,१५ ।

एन आर एन ए क्यानडा र गुरुकुल नेपाली पाठशाला एडमन्टनको संयुक्त आयोजनामा क्यानडामा विभिन्न समयमा योग अभ्यास कार्यक्रम संचालन भईरहेको छ। स्ट्रेस म्यानेजमेन्ट एण्ड हेप्पीनेस सम्बन्धी सो कार्यक्रममा भानु गुरुदेव नामले परिचित आध्यात्मिक गुरु भानु शर्माले स्वास्थ जीवन, खुशी र शान्तिको बारेमा अवधारणा प्रस्तुत गर्नुभएको थियो ।



# सभापति, प्रवक्ता लगायतका रिक्त पदहरुमा चयन

जनावरी २९ ।

गैर आवासीय नेपाली संघ क्यानडाले आफ्नो रिक्त रहेको पदहरुमा पदपुर्ति गरी ३७ सदस्यीय आफ्नो कमिटीलाई पूर्णता दिएको थियो । जनवरी २१ तारिखमा सम्पन्न बोर्ड अफ डाईरेक्टरको मतदानबाट सभापतिमा प्रज्वल कार्की र सचिवमा बिनोद कोईराला निर्वाचित हुनु भएको थियो भने महिला उपाध्यक्षमा कल्पना ढकाल सर्वसम्मत चयन हुनु भएको थियो । त्यसैगरी प्रवक्ता पदमा बोर्डको सर्व सहमतिबाट अध्यक्ष दुलालले सुशील भुसाललाई मनोनित गर्नु भएको थियो । नवनियुक्त पदाधिकारीहरुलाई अध्यक्ष माधव दुलालले एकमुष्ट रुपमा शुभकामना व्यक्त गर्नु भएको थियो ।



Prajual Karki
Chairperson



Kalpana Dhakal
Women Vice President



Binod Koirala
Secretary



Sushil Bhusal
Spokesperson

# एन आर एन ए क्यानडाको आयोजनामा फाईनान्स सम्बन्धी कार्यक्रम

जनावरी,१८ ।

एन आर एन ए क्यानडाको आयोजनामा फाईनान्स सम्बन्धी कार्यक्रम सम्पन्न भएको छ । एन आर एन ए क्यानडाका युथ कोओर्डिनेटर प्रतिक भन्डारीको संयोजनमा जुम मार्फत भएको कार्यक्रममा आर आर एस पी, टी एस एफ ए, एफ एच एस ए, लगानी कर लगायतका विषयमा छलफल भएको थियो । सो कार्यक्रममा फाईनान्सका बिज्ञहरु अनुसा रेग्मी, प्रज्वल भन्डारी, किरण खनालले फाईनान्स क्यारियर र युथ जेनेरेशनले सो विषयमा जान्नु पर्ने महत्वपूर्ण कुराहरु बताउनु भएको थियो ।



# स्वस्थ खानपान, जीवनशैली र योग अभ्यास




Alberta Provincial Committee, NRNA क्यानडाको आयोजनमा संचालन भएको Yoga and Wellness कार्यक्रम अन्तर्गत March 30, 2024 शनिबारका दिन आमन्त्रित अतिथी अभियान्ता डा. राजु अधिकारीले स्वस्थ खानपान जीवनशैली र योग अभ्यासका बारेमा गहकिलो प्रस्तुती दिनुभएको थियो । योग विज्ञान र मानव चेतनामा विद्यावारिधी गर्नु भएका डा. अधिकारीले स्वस्थ विज्ञानको कशिमा हाम्रा परम्परा, जीवनशैली, खानपानको उत्कृष्टता र स्वस्थ जीवन बाच्न तिनको व्यावहारिक प्रयोग गर्ने जस्ता विषयमा प्रस्तुतिकरण दिनुभएको थियो । उक्त भर्चुअल कार्यक्रमबाट करिब तीन हजार दर्शकले उहाँको प्रस्तुतीकरणको प्रत्यक्ष रुपमा फाईदा उठाउनु भएको थियो ।




## "Successful Second AGM of NBDA Canada Held in Toronto with Key Guests Emphasizing Blood Donation"

The second Annual General Meeting (AGM) of the Nepalese Blood Donors Association (NBDA Canada) was successfully held in Toronto last week. Salma Zahid, Member of Parliament Scarborough Central, attended the event as a special guest. Mrs. Rojina Tamrakar, Chargé d'Affaires ad interium Embassy of Nepal, served as the chief guest. During the event dedicated to raising awareness about blood donation, both the chief guest and special guest delivered compelling speeches that underscored the critical importance of this lifesaving act.






Ms. Chanda Adhikari, NRNA Canada General secretary encouraged everyone to contribute by donating blood and plasma. Her speech resonated with the audience, highlighting the urgency of increasing

blood and plasma donations to address shortages and meet the growing demand for blood transfusions. She reiterated NRNA Canada's support for NBDA's activities and expressed her best wishes for the success of the AGM.

The AGM concluded with closing remarks from NBDA President Mr. Suresh Gautam.

## "HHWB Hosted Successful Meet and Greet Event in Guelph"




Helping Hands without Borders Canada (HHWB) successfully conducted a Meet and Greet event on February 17 in Guelph, ON, aimed at sharing information about the services provided by various government, non-government, and social organizations to the community.

Hon. Mike Schreiner, Member of Provincial Parliament, graced the occasion as the chief guest, while His Worship, Cam Guthrie, Mayor of Guelph, attended as the special guest.

The event commenced with a welcome speech by HHWB Board of Directors member Mr. Dinesh Singh Malla, followed by a presentation on the organization's progress and current activities by Mr.Rajan Chhatkuli, President of HHWB.

Mr. Kiroj Shrestha, Vice-President of NRNA Canada, commended HHWB's initiatives and expressed gratitude for organizing an informative session for the community. In his speech, he emphasized the importance of collaboration between NRNA and local organizations to achieve better outcomes.



Representatives from various organizations, including DayamiRamirez, Program Manager of Immigrant Services at GW; Breanna Leighton, Mental Health Promotion and Educator at the Canadian Mental Health Association; Const. James Nightingale from Guelph Police Services; Yorlenis (Poli) Proenza, Manager at Lutherwood Employment Services; Katie Bea, Community Development Manager at Canadian Blood Services; and Cindy McMann from Women in Crisis, Guelph Wellington, presented the available community services and guided how to access these resources.

The program was effectively coordinated by Nirupama Sharma, General Secretary of HHWB.

# “Toronto Nepalese Sports Club Concluded First AGM"

The First Annual General Meeting (AGM) of the Toronto Nepalese Sports Club (TNSC) was successfully concluded on January 6, 2024 at the Scarborough Civic Centre. The event witnessed the participation of community leaders, sports enthusiasts, dedicated club members & players, and committed social activists.




The AGM commenced with the ceremonial lighting of the candle by the chief guest, Michael Thomson, Scarborough Centre councillor. Following this, Mr. Rabindra Lamsal, the General Secretary, presented a comprehensive overview of the club's diverse annual activities. President Dipendra Jung KC expressed sincere gratitude for the unwavering support of the community, recognizing the remarkable success of TNSC throughout the year.

During the AGM, Kiroj Shrestha, the vice-president of NRNA Canada, commended TNSC for its valuable contributions to society through sports in his guest speech. He specifically acknowledged the club's efforts in promoting women's sports and its success in soccer. Expressing best wishes for the AGM's success, he also highlighted NRNA Canada's collaboration with TNSC during the previous year's grand Sports Week event and anticipated continued cooperation in the future under the new TNSC Board.




Additionally, the AGM featured the election of a new Board, with Rabindra Lamsal as president and Bimal Basnet as General Secretary.

NRNA Canada extends congratulations to all the newly elected executives and Board Members of the TNSC.

# "First Mrs. Nepal Canada Show Crowned Shristi Shrestha Amatya in Brampton"

The first Mrs. Nepal Canada show was January 28 in Brampton. "Women Education and Skill Development" (WESDO) has successfully organized the show in collaboration with "Nepal Fashion Home" (NFH). Following over two months of rigorous preparation, ten contestants participated in the program to show their talent for the coveted crown. Advancing to the final round involved challenges such as a Photoshoot, Table Etiquette, Talent Show, and public voting.



Shristi Shrestha Amatya emerged as the winner of the Mrs. Nepal Canada title, likewise Alisha Rajbhandari secured the first runner-up position, and Rashmi Kali Thapa attained the second runner-up spot. Other participants were also recognized in various categories with awards. The winner and runners-up were rewarded with holiday packages, vouchers, and gifts from different business establishments.

The three-hour-long grand finale unfolded seamlessly, captivating the audience with numerous rounds of applause. The chief guest for the event was Her Excellency Rojina Tamrakar. The show was broadcast live by Nepal Kanti TV and Super Canada Nepal TV.
NRNA Canada Board Member Shanta Rayamajhi was among the organizing committee members, while NRNA Canada Advisor Geeta Dawadi served as one of the judges for the Talent Show.

NRNA Canada extends its heartfelt congratulations to Mrs. Nepal Canada, the runner-ups, and the winners in various categories.



# ETA Table tennis in Toronto

The 2nd ETA Open Table Tennis Competition 2024, organized by Everest Taekwondo Academy, came to a successful close.

Mr. Rabin Maskey emerged as the tournament champion, with Manish Pradhan finishing as the runner-up. Ramesh Palikhe and Mr. Rupak Khadka secured the 3rd position. Sarthak




Ghimire, the youngest player, received the Encouragement Award.

The event garnered significant attention from sports enthusiasts and activists, as well as members of the community.

NRNA Canada Vice President Kiroj Shrestha, along with well-known social activists Hari Gurung and Dhundi Raj Pandey, jointly inaugurated the event.

The Chief Guest of the prize distribution ceremony, His Worship Patrick Brown, presented the tournament winners with their prizes.

## एन आर एन ए क्यानडाका विविध कार्यक्रम / अन्य गतिविधिका झलकहरू तस्बिर सहित



A. पशुपतिनाथ मन्दिर क्यानडामामा Volunteer गर्दै एन आर एन ए प्रतिनिधिहरु






B. एन आर एन ए क्यानडा लगायत क्यानडामा रहेका अन्य संघ संस्थाको सहयोगमा सुनगाभा होमलाई प्रदान गरिएको गाडी



**C.** बिरामी विद्यार्थीको सहयोगको लागि महिला चौतारीका प्रतिनिधिबाट एन आर एन ए क्यानडाका प्रतिनिधिलाई चेक हस्तान्तरण




**D.** 'Cricket Canada tour to Nepal' farewell event मा स्वागत मन्तव्य राख्नु हुँदै एन आर एन ए क्यानडाकी महासचिव चन्दा अधिकारी



**E.** 'Cricket Canada tour to Nepal' farewell event मा क्यानेडियन क्रिकेट टोलीका सदस्यलाई ढाका टोपी लगाईदिदै एन आर एन ए क्यानडाका प्रवक्ता सुशिल भुसाल

**F.** 'Cricket Canada tour to Nepal' farewell event मा क्रिकेट क्यानडाका प्रशिक्षक पबुदु दाशानायके लाई खादा लगाईदिदै तत्कालीन कार्यकारी राजदुत रोजिना ताम्राकार






**G.** Calgary Alberta मा संचालित Tax शिविर मा सहभागी साथीहरू



**H.** Hyolmo society of Canada को आयोजनामा ह्योल्मो ल्होसार कार्यक्रममा एन आर एन ए क्यानडाका उपाध्यक्ष किरोज श्रेष्ठ साथमा Brampton का मेयर Patric Brown




**I.** Nepalese Community Society of Calgary र एन आर एन ए क्यानडाको संयुक्त आयोजनामा संचालित रक्तदान कार्यक्रममा एन आर एन ए क्यानडाका अध्यक्ष माधव दुलाल सहित अन्य साथिहरु



**J.** NRNA–BC Provincial Committee का Coordinator नामु चौलागाई को सक्रीयतामा भएको फ्री Tax शिविर को एक तस्वीर

# गैर आवासीय नेपाली संघ क्यानडा

195 3015 5th Ave NE, Calgery, AB T2A 6T8
E-mail: info@nrnacanada.org
web: nrnacanada.org
Phone: +18446762226